आज मिति २०७६।०३।१५ गते आईतवारका दिन विहान १० :०० बजे सिम्रौनगढ नगरपालिकाको तेश्रो नगरसभाका सभाध्यक्ष श्री विजयशंकर यादवज्यू को अध्यक्षतामा तेश्रो नगरसभाको बैठक देहाय अनुसारको नगरसभा सदस्यज्यूहरुको उपस्थितीमा वन्द शत्रको वैठक बसी मिति ०७६/३/१४ गतेको कार्यपालिका वैठकबाट प्रस्तावित गरिएका निर्णयहरु माथी छलफल गरि ~~निम्नानुसारको निर्णयहरु पारित~~ गरियो ।

उपस्थिती

(१) नगरप्रमुख श्री विजय शंकर यादव

(२)नगर उपप्रमुख श्री रिमा देवी

(३) वडाध्यक्ष वडा नं.१ श्री सुमित कुमार जायसवाल

(४) वडाध्यक्ष वडा नं.२ श्री खुशिलाल महतो

(५)वडाध्यक्ष वडा नं.३ श्री मंजुर मियाँ अंसारी

(६)वडाध्यक्ष वडा नं.४ श्री राजेश प्रसाद यादव

(७)वडाध्यक्ष वडा नं.५ श्री रामबहादुर राउत

(८)वडाध्यक्ष वडा नं.६ श्री शंकर साह कानु

(९)वडाध्यक्ष वडा नं.७श्री रमेश प्रसाद कुशवाहा

(१०)वडाध्यक्ष वडा नं.८ श्री दामोदर प्रसाद साह

(११)वडाध्यक्ष वडा नं.९श्री अरविन्द कुमार यादव

(१२)वडाध्यक्ष वडा नं.१०श्री हरिशंकर प्रसाद यादव

(१३)वडाध्यक्ष वडा नं.११ श्री हेमचन्द्र प्रसाद जैसवार

(१४)कार्यपालिका सदस्य श्री उषा देवी

(१५)कार्यपालिका सदस्य श्री सरिता देवी महतो

(१६)कार्यपालिका सदस्य श्री सरस्वती देवी राम

(१७)कार्यपालिका सदस्य श्री सन्भा देवी पटेल

(१८)कार्यपालिका सदस्य श्री रमाउती कुशवाहा

(१९)कार्यपालिका सदस्य श्री ओमप्रकाश ठाकुर

(२०)कार्यपालिका सदस्यश्री प्रमानन्द मुखिया

(२१)कार्यपालिका सदस्यश्री रामप्रवेश प्रसाद जयसवाल

(२२) वडा सदस्य वडा नं.१ श्रीपति देवी धोविन

(२३) वडा सदस्य वडा नं.१ श्री कामेश्वर मुखिया

(२४) वडा सदस्य वडा नं.१ श्री संजय प्रसाद यादव

(२५) वडा सदस्य वडा नं.२ श्री संझा देवी

(२६) वडा सदस्य वडा नं.२ श्री शैरुन नेसा

(२७) वडा सदस्य वडा नं.२ श्री रामसेवक प्रसाद साह

(२८) वडा सदस्य वडा नं.२ श्री धर्मेन्द्र प्रसाद कुशवाहा

(२९) वडा सदस्य वडा नं.३ श्री राजदेव राउत कुर्मो

(३०) वडा सदस्य वडा नं.३ श्री चन्दा देवी राम

(३१) वडा सदस्य वडा नं.३ श्री अच्छेलाल प्रसाद पंडित

(३२) वडा सदस्य वडा नं.४ श्री मोहन प्रसाद

(३३) वडा सदस्य वडा नं.४ श्री विजय कुमार

(३४) वडा सदस्य वडा नं.४ श्री पन्ना देवी चमईन

(३५) वडा सदस्य वडा नं.५ श्री राम्भा देवी

(३६) वडा सदस्य वडा नं.५ श्री कपिल देव साह

(३७) वडा सदस्य वडा नं.५ श्री रामसेवक पटेल

(३८) वडा सदस्य वडा नं.६ श्री हकबरी खातुन

(३९) वडा सदस्य वडा नं.६ श्री जानकी देवी

(४०) वडा सदस्य वडा नं.६ श्री विनोद कुमार

(४१) वडा सदस्य वडा नं.६ श्री राजदेव महतो

(४२) वडा सदस्य वडा नं.७श्री ललिता देवी

(४३) वडा सदस्य वडा नं.७श्री शिवचरण प्रसाद

(४४) वडा सदस्य वडा नं.७श्री सुभाष प्रसाद

(४५) वडा सदस्य वडा नं.८ श्री शिवपति देवी दुसाधिन

(४६) वडा सदस्य वडा नं.८ श्री रामा देवी कलवारिन

(४७) वडा सदस्य वडा नं.८ श्री यसनारायण प्रसाद यादव

(४८) वडा सदस्य वडा नं.८ श्री विन्दालाल प्रसाद यादव

(४९) वडा सदस्य वडा नं.९ श्री लक्ष्मणपति देवी

(५०) वडा सदस्य वडा नं.९ श्री शोभा देवी

(५१) वडा सदस्य वडा नं.९ श्री शिवशंकर प्रसाद

(५२) वडा सदस्य वडा नं.९ श्री राजिद्र प्रसाद

(५३) वडा सदस्य वडा नं.१० श्री विन्दु देवी पासवान

(५४) वडा सदस्य वडा नं.१० श्री अच्छेलाल पंडित

(५५) वडा सदस्य वडा नं.१० श्री पारस प्रसाद यादव

(५६) वडा सदस्य वडा नं.१० श्री हलिमा खातुन

(५७) वडा सदस्य वडा नं.११ श्री सुमिन्त्रा देवी

(५८) वडा सदस्य वडा नं.११ श्री भागवती देवी

(५९) वडा सदस्य वडा नं.११ श्री सुकदेव महतो

(६०) वडा सदस्य वडा नं.११ श्री महमुद आलम

(६१) सदस्य सचिव श्री विश्वराज मरासेनी

(६२) लेखा अधिकृत श्री सर्मेन्द्र प्रसाद चौधरी

(६३) ना.सु. श्री राजिव कुमार यादव
(६४) खुर्शिद कुरेशी प्र.स.

**प्रस्तावहरु**
(१) आ.व.०७६/०७७ को वजेट,निती तथा कार्यकम समबन्धमा ।
(२) विविध

**निर्णय नं.(१)**
नगरकार्यपालिकाको तर्फबाट प्रस्तावित गरिएको आ.व.०७६/०७७ का लागि तपसिल बमोजिमको वजेट,निती तथा कार्यकम पारित गरियो

तपसिल

खण्ड -०१

## सिम्रौनगढ नगरपालिकाको तेश्रो नगर सभा मिति २०७६ आषाढ १५ मा नगरप्रमुख श्री विजयशंकर यादवज्यू द्धारा प्रस्तुत आ.व. २०७६।७७ को लागि बजेट, नीति तथा कार्यक्रम

"समृद्ध सिम्रौनगढ नगरपालिकाको सपना
पर्यटन,कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारको परिकल्पना"

आदरणीय नगर सभाको उपप्रमुख ज्यू
" वडा अध्यक्ष ज्यूहरु
" नगरकार्यपालिका सदस्य ज्यूहरु
" सम्पूर्ण नगर सभाको सदस्य ज्यूहरु
नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यू
नगरपालिका तथा विषयगत शाखाको प्रमुख/कर्मचारीहरु

नगरपालिका वडाका कर्मचारीहरु, सामाजिक परिचालक, महिला स्वंयसेविकाहरु, पत्रकार, यस नगरसभामा पाल्नु भएका बुद्धिजिवी महिला तथा सज्जनवृन्दहरुमा सिम्रौनगढ नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट ऐतिहासिक तेश्रो नगरसभामा हार्दिक स्वागत गर्दछु । यस गरिमामय नगर सभामा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्दित भएको छु ।

(१) संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेको जन आन्दोलन, सशस्त्र संघर्ष, पटक पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहास प्रति उच्च सम्मान प्रकट गर्दै तेश्रो नगरसभाको यस सुखद अवसरमा राष्ट्रियता, स्वाधितना, लोकतन्त्र, सामाजिक न्याय, समानता समृद्धि र राजनीतिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात/अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । आन्दोलनको क्रममा घाइते भएका, अंगभङ्ग भएका आम नागरिक प्रति श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदान प्रति कृतज्ञता व्यक्त गर्दछु ।

(२) सिम्रौनगढ नगरपालिका बारा जिल्लाको सदरमुकाम कलैया देखि करिव २० कि.मी. पूर्व/दक्षिण भेगमा भारतको सिमाना र रौतहट जिल्ला संग जोडिएको छ । २०७१ मंसिर १६ को सिम्रौनगढ नगरपालिका अन्तर्गत (गोलागंज, अमृतगंज, हरिहरपुर र उचिडिह) र नेपाल सरकार

मन्त्रिपरिषदको मिति २०७३ फागुन २७ को स्थानीय तह पूर्नसंरचना निर्णय अनुसार साविकका विशुनपुर, कचोर्वा, देवापुर टेटा, भगवानपुर मिलाई ११ वडामा विभाजन गरी ऐतिहासिक सिम्रौनगढ राज्यसंचालनको केन्द्रको नामबाट सिम्रौनगढ नगरपालिकाको नाम रहन गएको संझना मात्र गराउन चाहन्छु ।

हाल जिल्लाको ४ वटा प्रतिनिधी सभा निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं. १ तथा ८ वटा प्रदेश सभा निर्वाचन क्षेत्र मध्ये प्रदेश सभा १ (ख) अवस्थित छ । २०६८ को जनगणना अनुसार कुल ८०६७ घरधुरी र जनसंख्या ४९ हजार ९ सय ३९ जनसंख्या रहेकोमा हालसम्म ५६ हजार भन्दा बढी जनसंख्या पुगेको अनुमान छ । ४२.६५ वर्ग कि.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकामा मुख्य गरी यादव, कुशवाहा, कलवार,कानु, मुसलमान,तेली, दुसाद,डोम,चमार,भाट,नेटुवा आदि जातिको बसोबास रहेको छ ।

(३) आम जनताको सरोकार, नगरबासीको चाहना अनुसार यस नगरपालिकालाई कृषि, तरकारी खेती तथा माछापालन व्यवसायको रुपमा पकेट क्षेत्र घोषणा गरी सोही अनुसार विकास गर्ने, दिर्घकालीन सोच, लक्ष्य रहेको जानकारी गराउन चाहन्छु । साथै दोश्रो प्राथमिकतामा पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा भोजपुरी भाषालाई प्रवर्द्धन गर्ने गरी ऐतिहासिक सिम्रौनगढ नगरपालिका बनाउने दीर्घकालीन नीति लिइएको छु ।

पूर्व मन्त्रि ज्यूहरु, संघीय तथा प्रदेश माननीय सांसद ज्यूहरुको सरसल्लाह, नगर सभा सदस्यहरु सबै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरुको सल्लाह, बुद्धिजिवीहरु, शिक्षक वर्ग, पूर्व निर्वाचित पदाधिकारी, कर्मचारी, संपूर्ण नगरबासीहरुको सरसल्लाह, इच्छा आंकाक्षा र आवश्यकतालाई ध्यानमा राखी योजनाहरु समेटने प्रयास गरेको छु । सबैको मागलाई एउटै समय पुरा गर्न नसक्दा प्राथमिकतामा राखी समग्र सिम्रौनगढ नगरपालिका बनाउन प्रयत्न र प्रयास गरेको जानकारी गराउन चाहन्छु ।

(५) समग्र नगरपालिकालाई स्थायित्व, सक्षम, स्वायतता बनाई राख्न र दीर्घकालीन रुपमा सक्षम नगरपालिका बनाउन प्राप्त रकमको विनियोजन गर्ने मात्र नभई आमजनता, व्यवसायीहरुबाट अधिकार तथा कर्तव्य दुबैमा जिम्मेवारी बनाई सम्पूर्ण नगर बासीहरुबाट कर तिर्ने क्षमता र विभिन्न दायराबाट तिर्न सक्ने क्षमताका आधारमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ संघीय तथा प्रदेश सरकारको नीति भित्र रही राजस्व (कर/गैरकर) संकलन गरी समग्र सेवा सुविधा र विकास निर्माणलाई संगै लैजाने नीति लिएको छु ।

(६) आ.व.२०७६।७७ को लागि सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा वडास्तरीय समितिबाट निर्णय गरी सिफारिस भएका योजनाहरु बजेटको सिमामा रही पारित गर्न आह्वान गर्दछु । विषयगत शाखा, विषयगत समितिबाट छलफल भै आएका आयोजना/योजनालाई नगरपालिकाको वितीय श्रोतको आधारमा दिर्घकालीन असर पर्ने तथा नगरपालिका हुन आवश्यक पूर्वाधार युक्त बनाउने योजनाहरु प्रस्ताव गरेको छु । नगर सभाबाट आएका सुझाव तथा सल्लाहहरुलाई ग्रहण गर्दै विभिन्न राजनैतिक दल, विकास साझेदार,संघ संस्था, विज्ञ, आदिहरुबाट आएका सुझावहरुलाई ग्रहण गर्दै आगामी दिनमा सुधार गर्दै अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

आदरणीय नगर सभाका सदस्य ज्यूहरु
अब म विषयगत तथा क्षेत्रगत आधारमा दिर्घकालीन नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## क) सामाजिक विकास (शिक्षा र स्वास्थ्य)

(१) प्रारम्भिक बाल विकासको विद्यमान केन्द्रलाई व्यवस्थित गरी आधारभूत विद्यालयमा बाल विकास केन्द्र संचालन गरिने छ ।

(२) १०+२, मा.वि.,नि.मा.वि.,प्रा.वि. विद्यालयमा भौतिक पूर्वाधारको रुपमा कम्प्यूटर शिक्षालाई जोड दिने र कम्प्यूटर खरिद गरि दिइने नीति लिएको छ।

(३) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास, बालमैत्री, अपाङ्ग मैत्री, वातावरण मैत्री बनाउदै लगिने छ।

(४) शिक्षक, विद्यार्थी संख्या, विद्यालयको भौतिक अवस्था सुगमता लाई ध्यानमा राखी विद्यालय मर्जर वा थप शिक्षकको व्यवस्था गर्ने नीति लिइने छ।

(५) आगामी ५ वर्ष भित्र नगरलाई पूर्व साक्षरता नगर बनाउने नीति लिएको छ।

(६) विद्यालय, शिक्षकको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी वडा समितिबाट अनुगमन गर्ने र निरीक्षण गर्ने नीति लिएको छ।

(७) स्थानीय भाषाको रुपमा भोजपुरी भाषाको संरक्षण गर्दै जाने नीति लिएको छ।

(८) अंग्रजी भाषा माध्यमबाट पठन-पाठनमा जोड दिईने छ।

(९) सबै स्वास्थ्य चौकीहरुमा निःशुल्क औषधि विंतरण अति आवश्यक औषधिं खरिद गरी सेवा प्रवाह राम्रो बनाई अगाडी बढाइने छ।

(१०) पायक स्थानमा स्वास्थ्य शिविर संचालन गरिने छ।

(११) बहुक्षेत्रिय कार्यक्रम संचालन गरिने छ।

(१२) नगरमा विशेषज्ञ चिकित्सक सहित (१५ शैयाको) अस्पताल संचालन गर्ने पहल गरिने छ।

(१३) पायक पर्ने स्थानमा स्वास्थ्य घुम्ति शिविर संचालन गर्ने नीति लिएको छ।

(१४) सामुदायिक विद्यालयबाट SEE मा ग्रेड A+ ल्याउने विद्यार्थीलाई नगरपालिकाबाट सम्मान गर्ने नीति लिइने छ।

(१५) आयुर्वेदिक औषद्यालयलाई व्यवस्थित गरिन छ।

(१६) गर्भवति महिला, जेष्ठ नागरिक, महिलाको पाठेघर नियमित चेकजाँचको व्यवस्था मिलाइने छ।

**ख) कृषि, पशुपन्छी**

(१) कृषि उपज संरक्षण भण्डारणको लागि प्रदेश सरकार संग समन्वयमा कम्तिमा दुई स्थानमा चिस्यान केन्द्र ९ऋयमि क्तयचभ० निर्माण कार्य शुरु गरिने छ।

(२) कृषि उत्पादनमा व्यावसायीकरण, पकेट क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई प्राथमिकता दिइने छ।

(३) कृषि बजार, कृषि सूचना केन्द्र, हाटबजार व्यावस्थापन गरिने छ।

(४) कृषि योग्य जमिनमा सिंचाइको व्यावस्थापन गर्न डिप टयूवेल, ट्रान्सफर्मर खरिद र साना सिंचाई निर्माणमा जोड दिइने छ।

(५) कृषि हाटवजारलाई सुदृढिकरण र विस्तार गर्ने नीति रहेको छ।

(६) यस नगरपालिकालाई पहिचानको रुपमाा मत्स्य पालन, नगदेबाली, तरकारी खेती, आँप खेती लाई व्यावसायीक रुपमा विकास गरी पकेट क्षेत्र घोषणा गरी कृषिलाई प्रवर्द्धन गरिने छ।

(७) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, माछा सुपर जोनको रुपमा विकास र प्रवर्द्धन गरिने छ।

(८) कृषि बिजवीजन, नश्ल, मलखाद, औषधिको आपूर्ति उपयोग र नियमन गरिने छ।

(९) पशु पंन्छि बिमा कार्यक्रम लागु गरिने छ।

(१०) प्राग्रारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने तथा किटनाशक औषधिको कम प्रयोग गर्ने नीति लिइने छ।

(११) पशु/कृषि सहकारी खोली समुहको माध्यमबाट क्षमता विकास तालिम, प्रशिक्षण, सहुलियतमा दर्ता गरिने नीति लिइने छ।

(१२) परजीवि नियन्त्रण निःशुल्क औषधि वितरण, विभिन्न खोप कार्यक्रम, पशु आहार कार्यक्रम लागु गरिने छ।

(१३) पशु प्रजनन सेवा केन्द्र (गाई, भैसी, बाखा) व्यवस्थित गरिने छ ।
(१४) बधशाला व्यावस्थापन (माछा, कुखुरा, खसी, राँगा) कार्यमा नगरपालिका र व्यवसायीबीचको सहकार्यमा अनुदान दिई सुधार गर्ने नीति लिएको छु ।

## ग) संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन

(१) सिम्रौनगढ नगरपालिकालाई धार्मिक, ऐतिहासिक तथा पर्यटकीय हब्सको रुपमा विकास गर्न सार्वजनिक पोखरीको संरक्षण, रानीबास मन्दिर, सिम्रौनगढ तलेजु मन्दिर, कंकाली मन्दिर, सिम्रौनगढ दरबार, हरिहरपुर, झरोखर (देवताल) पोखरी, इसरा पोखरी, खजानी, कोतवाली, सिम्रौनगढ र गढीमाई मन्दिर जोडी दर्शकलाई यस ऐतिहासिक स्थलमा भित्र्याउने पर्यटकीय क्षेत्रको विकास गर्न गुरुयोजना बनाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वयमा अगाडी बढ्ने नीति लिइनेछ ।
(२) स्थानीय पर्वको रुपमा छठ्ठ पर्व, होली, रामनवमी मेला, ईद/वकरिद, विभिन्न धार्मिक परम्परा, जात्रा आदिलाई सम्मान गर्दै मौलिक संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ ।
(३) पूरातात्विक संपदाको संरक्षण र उत्खनन भएका मुर्तिको संरक्षण गरी संग्राहालय ९:गकष्फ० बनाई अगाडी बढ्ने नीति रहेको छ ।
(४) पर्यटकलाई नगरपालिकामा भित्र्याउन सार्वजनिक पोखरीमा वोटिङ्ग संचालन, Home Stay संचालन, होटल संचालन गर्न प्रवर्द्धन तथा प्रोत्साहन गरिने छ ।

## घ) राजस्व (कर तथा गैर कर)

(१) आ.व. २०७६।७७ देखि नगरपालिकालाई शहरी, आवास तथा ग्रामिण (कृषि) क्षेत्र गरी वर्गीकरण गरेर आफ्नो क्षेत्र भित्रको घर र सो ले चर्चेको जग्गामा सम्पत्ति कर र बाँकी जग्गामा भूमिकर ( मालपोत) लगाइने नीति लिएको छु ।
(२) "स्थानीय कर स्थानीय विकासको आधार" भन्ने मान्यताका साथ नगरक्षेत्रका करका नयाँ क्षेत्रको पहिचान, करको दायरा विस्तार गरी करका दरको पुनरावलोकन गरी करदाता मैत्री नगरपालिकाको रुपमा स्थापित गरिने छ ।
(३) सार्वजनिक पोखरीहरुको उपयोग गरी माछा पालन कार्यलाई प्रोत्साहन गरी पोखरीको माछा बिक्रि गरी राजस्व लिने नीति लिएको छु ।
(४) व्यावसायीक दर्ता/नविकरण, वातावरण प्रदुषण नियन्त्रण शुल्क लाई व्यवस्थित गर्दै त्यसबाट उठेको राजस्व ५०% जहाँबाट उठेको वडामा विकास योजना लैजाने नीति लिएको छ ।
(५) यस नगरपालिका भित्र बनेका पूराना घरहरुलाई छ महिना भित्र अभिलेखीकरण गर्ने र नयाँ बन्ने घर टहराहरुलाई भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गरेर मात्र घर निर्माण गर्ने नीति पूर्ण रुपमा लागु गरिने छ । अनुमति बिना घर निर्माण गरेमा कानूनी कारवाही गरी जरिवाना गर्ने नीति लिइने छ ।
(६) सडक विस्तारमा परेर घर/टहरा भत्केका जनतालाई राहत स्वरुप नगरवासीले नयाँ घर निर्माण गरेमा ५०% राजस्व छुट दिने नीति लिएको छु ।
(७) नगरपालिकाको समग्र आन्तरिक श्रोत परिचालन गर्न नगर राजस्व कार्ययोजना तर्जुमा गरी राजस्व (कर/गैरकर) लागु गर्ने नीति लिएको छु ।
(८) नगरपालिकाको राजस्व अभिवृद्धिका लागि करको दायरामा आई सवैभन्दा बढी राजस्व तिर्ने कर दातालाई उत्कृष्ठ करदाताको रुपमा सम्मान गर्ने नीति लिइने छ ।

ङ) उद्योग तथा वाणिज्य, सहकारी, गैर सरकारी संघ संस्था

(१) घरेलु उद्योगलाई दर्ता, नविकरण र व्यावस्थापन गरी तालिमको माध्यमबाट उद्यमशीलताको विकास गर्ने नीति ल्याइने छ ।

(२) उद्योग, होटल, पर्यटकीय क्षेत्रको विकास गर्न प्रवर्द्धन गर्ने नीति लिइएको छ ।

(३) यस नगरपालिका भित्र संचालनमा रहेका वा स्थापना हुने सहकारीहरुलाई दर्ता, नविकरण र व्यावस्थापन गर्न सहकारी ऐन/नियमावली, कार्यविधी मार्फत संचालन गर्ने नीति लिइने छ ।

(४) कानुन बनाई संघसंस्था (NGO/INGO) समुह, टोल गठन, दर्ता, नविकरण, सूचिकृत गरी कानुनी दायरामा ल्याउने, नियमन गर्ने, प्रभावकारी संचालन गर्ने नीति ल्याइने छ ।

च) बालबालिका, यूवा खेलकुद तथा मनोरञ्जन

(१) नगरपालिकामा (फुटबल/भलिबल/क्रिकेट) रंगशाला निर्माण गर्नको लागि गुठी तथा सार्वजनिक जग्गा खोजी गरी संभाव्यता अध्ययन DPR तयार गरी १ वटा रंङ्गशाला निर्माणको थालनी गरिने छ ।

(२) सार्वज़निक विद्यालयहरुमा खेलकुदका सामग्री, खेलप्रति आकर्षण, खेलमैदानको स्तर उन्नति गरिने छ ।

(३) बालबालिकालाई पाठयपुस्तक अलवा खेलकुद, योग आदि अतिरिक्त क्रियाकलापको माध्यमबाट सिकाइ गर्ने नीति लिइने छ ।

(४) बालशिक्षा, बाल क्लब, बालविकास केन्द्र, बाल संजाल गठन गरिने छ ।

(५) नयाँ प्रविधि युक्त शिक्षा (कम्प्यूटर) सिकाइलाई प्रवर्द्धन गरिने छ ।

(६) बालश्रम, बालशोषण, बाल विवाह र बालहिंसा न्यूनीकरण गर्न यस सम्बन्धी कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

(१) लैङ्गिक समानता, समावेशीकरण नीति लिइने छ ।

(२) महिला हिंसा, लैङ्गिक विभेद, बालविवाह, कुरिती कुसंस्कार, बोक्सी जस्ता समस्याहरुलाई न्यूनीकरण गर्ने कार्यमा जोड दिइने छ ।

(३) महिलाहरुको क्षमता विकास, तालिम, वैदेशिक रोजगारीमा महिला रोजगारी सुनिश्चता, सुरक्षित हुदै अगाडी बढ्ने नीति लिइने छ ।

(४) बेटी बचाउ बेटी पढाउ परियोजना संचालन गरिने छ ।

(५) महिला, अल्पसंख्यक, जनजाती आदिलाई समेटने गरी २।३ वडा मिलाई तालिम केन्द्र विकास गरिने छ ।

(६) सामाजिक सुरक्षा भत्ता वितरण यथार्थ विवरण निकालिने र आ.व. २०७६।७७ देखि अनिवार्य रुपमा बैंक मार्फत भत्ता वितरण गरिने छ । साथै बैंकमा आउन समस्या पर्ने नागरिकहरुलाई सूचना जानकारी गराई बैंकलाई आग्रह गरी वर्षको २ पटक टोल/टोल वा वडा कार्यालयमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

(७) जेष्ठ नागरिकको तथ्याङ्क लिई ८० वर्ष पुगेका नागरिकलाई दोसल्ला/फलफुल दिई सम्मान गर्ने नीति लिइनेछ ।

(८) जाति जाति बीच छुवाछुत/भेदभाव विरुद्धको कानूनलाई कडाईका साथ लागु गरिने छ ।

(९) दलित/सिमान्तकृत समुदायको सहकार्य गर्दै क्षमताविकासमा जोड दिइने छ ।

(१०) अपाङ्ग मैत्री भौतिक पूर्वाधार विकास गरिने छ ।

(११) अपाङ्गता भएका नागरिकलाई व्यवस्थित कार्ड वितरण गरी र कार्यविधी भित्र रही सेवा सुविधा दिइने नीति लिइने छ ।

## ञ) पूर्वाधार विकास

(१) सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थल, गुठी, पर्ति, ऐलानी जग्गामा घर, टहरा निर्माण कार्यलाई पूर्णरुपमा निरुत्साहिता गरिने छ ।
(२) बाटो विस्तार गरी MTMP अन्तर्गतको बाटोलाई पीच, ढलान, फराकिलो गरिने नीति लिएको छु ।
(३) हरियाली र वातावरण मैत्री सडक निर्माण गर्ने, उज्यालोको लागि सौर्य उर्जा वा बिजुलीबाट बती व्यवस्थापन गर्ने नीति लिइनेछ ।
(४) विकास निर्माण गर्दा उपभोक्ता समितिले १०% रकम नगद नै नगरपालिकामा रकम राखी योजना सम्झौता गर्ने नीति लिएको छु ।
(५) बजार क्षेत्रमा सडक विस्तार, कालोपत्र, ढलान गर्ने नीति रहेको छ ।
(६) विकास निर्माण गर्दा १० लाखभन्दा माथि टेण्डर प्रक्रियाबाट लैजाने नीति लिएको छु ।
(७) कंकाली मन्दिर देखी सिम्रौनगढ बजारको मुख्य सडक हुदै रानीबास मन्दिर सम्म बाटो चौंडा, सरसफाई, फुल रोप्ने, ढल, सौर्य उर्जा आदि गरी नमुना सडक बनाउने नीति लिएको छु ।
(८) निर्माण भैसकेका भौतिक पूर्वाधारमा मर्मत सम्भार कोषकाट मर्मत गर्दै जाने नीति लिएको छु ।
(९) नगरपालिकाको मापदण्ड अनुसार बाटो फराकिलो गर्न, मापदण्ड लागु गर्न अवरोध गर्ने व्यक्तिलाई नियमानुसार दण्ड जरिवाना गरिने छ ।
(१०) विकास निर्माण गर्दा शुन्य पेश्की नीति लागु गरिने छ ।

## झ) भवन निर्माण/भू-उपयोग नीति/उर्जा

१०

(१) शहरी विकास तथा भवन निर्माण आचार संहिता २०७२ लाई कडाइका साथ लागु गरिने छ ।
(२) छ महिना भित्र घर/टहरालाई अभिलेखीकरणको माध्यमबाट एकपटक सहुलियत दिने नीति लिएको छु ।
(३) भू-उपयोग नीतिलाई लागु गरिने छ ।
(४) नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गाको मालपोत/नापीसंग समन्वय एकीकृत लगत तयार गरी पुस्तक प्रकाशन र संरक्षण गर्ने नीति लिएको छु ।
(५) हरियाली क्षेत्र/सार्वजनिक पार्क, नहर बाटोको छेउछाउमा फलफुल, हरियाली, बोटविरुवा लगाउने नीति लागु गरिने छ ।
(६) घरबार विहीन, महादलित, मुसहर र पिछडिएको क्षेत्रका जनतालाई आवास निर्माण गर्न आर्थिक सहयोग दिने नीति लिइने छ ।
(७) सडक बती, सौर्य उर्जालाई प्राथमिकतामा राखी सार्वजनिक स्थान, मन्दिर, पोखरी, मठ, बजारमा बती जडान गरिने छ ।
(८) विद्युतीकरण गर्न आवश्यक स्थानमा ट्रान्सफर्मर, तार पोल जडान गरिने छ ।

## ञ) सूचना/संचार

(१) सार्वजनिक स्थल, पोखरी, मन्दिर, पार्कमा आवश्यकता अनुसार सूचना प्रविधि (free wifi, इन्टरनेट) प्रयोग गर्ने नीति लागु गर्दै जाने लक्ष्य रहेको छ ।
(२) नगरपालिकाको परिषद, समिक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, नागरिक वडापत्र, web site मा राखी सुशासन र सार्वजनिकरण गरिने नीति लागु गरिने छ ।

(३) नगरपालिकाको नीति/कार्यक्रम/योजनाहरु दैनिक पत्रिका, रेडियो, टि.भी. संचारका माध्यमबाट आम जनतामा लैजाने नीति लिएको छु ।

**ट) खानेपानी/सरसफाई/फोहोरमैला व्यवस्थापन/वातावरण संरक्षण**

(१) खानेपानी, सिंचाइलाई सबै जनता संग पु-याउन/पाईप खरिद, डिप-टयूवेल, इनारको निर्माण गरिने छ ।

(२) निर्माणधीन खानेपानी आयोजनाहरुलाई यथासिघ्र सम्पन्न गरी संचालनमा ल्याइने छ ।

(३) सफा पानी, स्वच्छ पानी सबै स्थानमा पु-याउने नीति लिएको छु ।

(४) साना सिंचाइ, सतह सिंचाइ, भूमिगत सिंचाइको उपयोग गर्ने नीति लिएको छु ।

(५) सडक, नहर, सार्वजनिक पोखरीका डिलहरुमा, सार्वजनिक जमिनहरुमा, नीजिक्षेत्र, NGO, INGO, जनताको सहयोगमा वृक्षारोपण गर्ने नीति लिएको छु ।

(६) फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला कार्ड, कर लिने र दैनिक रुपमा सफा गर्ने नीति लिइने छ ।

(७) आफ्नो टोल/गाउँको सफा आफै गर्ने नीति अगाडी बढाइने छ । युवा क्लब/आमा समुह/टोल विकास, रेडक्रस, सुरक्षा निकाय, आदिलाई परिचाालन गरिने छ ।

(८) ODF घोषणा, पूर्ण सरसफाईलाई जोड दिइने नीति छ ।

(९) विपद जाखिम व्यवस्थापन तथा जलवायू परिवर्तनबाट कम असर गर्ने नीति लागु गरिने छ । जोखिम र सुरक्षित बसोबास पहिचान गर्ने नीति कार्यान्वयन गर्ने नीति छ ।

**ठ) सार्वजनिक सेवा प्रवाह र क्षमता विकास तथा विविध**

(१) नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय निर्माण गर्न यसै वर्ष ५ करोड रकम छुट्याई भवन निर्माण गर्ने नीति लिएको छु ।

(२) नेपाल सरकारबाट समेत सहुलियत प्राप्त हुने दीर्घ एवम गम्भिर प्रकृतिका रोग(मुटु/मृगौला, क्यान्सर आदिका स्थानीय नगरवासी विरामीलाई एकमुष्ट रु. १५०००/- पन्ध्र हजारको दरले आर्थिक सहयोग वितरण गर्ने नीति लिएको छु ।

(३) कर्मचारीलाई कार्यमा प्रोत्साहन गर्न उत्कृष्ठ कर्मचारी घोषणा गरी सम्मान गरिने छ ।

(४) न्यायिक समितिलाई प्रवर्द्धन, क्षमता विकास, तालिम दिइने छ । सबै वडामा मेलमिलाप केन्द्र गठन गरी न्याय सम्पादन छिटोछरितो मिलाइने छ ।

(५) NGO/INGO को अनुगमन मूल्याङ्कन गर्न समिति गठन र field निरीक्षण गरिने छ ।

(६) नगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई साविकमा मासिक प्रोत्साहन भत्ताको रुपमा प्रदान गरिदै आएको रु.१,०००/- मा आगामी आ.व. २०७६।७७ देखि रु. ५००/- थप गरी १५००/- का दरले मासिक प्रोत्साहन भत्ता प्रदान गर्ने नीति लिएको छु ।

(७) जननिर्वाचित पदाधिकारी, कर्मचारीको क्षमताविकास, तालिम, प्रशिक्षण, विदेश भ्रमण आदिको माध्यमबाट ज्ञान सीप सिकाउने नीति लिएको छु ।

(८) वडा र नगरपालिकाबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउन नयाँ प्रविधि, कम्प्यूटर, नेट, संचार तथा फर्निचरको व्यवस्थापन गरी राम्रो कार्यालय बनाई अगाडी बढ्ने नीति लिइएको छु ।

(९) कर्मचारीलाई प्रोत्साहन स्वरुप थप स्थानीय भत्ता दिई पूर्ण क्षमतामा कर्मचारीलाई परिचालन गरिने नीति लिएको छु ।

**आदरणीय विशिष्ट महानुभावहरु**

अब म सम्मानित नगर सभामा यस नगरपालिकाको आगामी २०७६।७७ को वार्षिक बजेटको मुख्य उद्धेश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

## बजेटका मुख्य उद्धेश्यहरु

(१) नगरबासीको आधारभूत स्वास्थ्य र शिक्षाको प्रत्यापूर्ति गर्ने ।

(२) कृषि क्षेत्रलाई प्राथमिकतामा राखी सुपर जोनको रुपमा व्यावसायिक कृषि, तरकारी खेती, माछापालन, आँप, धान, गँहु, लगायत उत्पादनमा जोड दिइ उत्पादन बढाउने नीति र अनुदान दिइ कृषकलाई प्रोत्साहन गर्ने ।

(३) नगरपालिका क्षेत्रमा आधारभूत शहरी पूर्वाधारहरु विकास गरी सम्मुनत, पर्यटकीय, धार्मिक तथा ऐतिहासिक सिम्रौनगढ नगरपालिका बनाउने ।

(४) नगर क्षेत्रमा आन्तरिक श्रोत साधन, अवसर, राजस्व, कर उठाई आत्मनिर्भर गरी आर्थिक सामाजिक विकास गर्ने ।

(५) नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाई नगरमा शुसासन कायम गर्ने ।

(६) नगरपालिकाको लागि न्यूंनतम आवश्यक पर्ने खेलकुद मैदान, फोहोरमैला व्यवस्थापन, क्याम्पस, सडक, ढल निर्माण, सडक बती, बस पार्क, वातावरण मैत्री नगरपालिका बनाउने ।

## आदरणीय महानुभावहरु

अब म आ.व. २०७५।७६ को अनुमानित बजेट ४३ करोड ७ लाख ८१ हजारको बजेटमा पूँजीगत तर्फ १६ करोड ८८ लाख ९२ हजार र चालु तर्फ २६ करोड १८ लाख ८९ हजार पेश भएकोमा २०७६ जेष्ठ मसान्तसम्म कुल खर्चको **चालु व्यय** तर्फ तपसिल बमोजिम खर्च भएको जानकारी गराउन चाहन्छु ।

| | |
|---|---|
| (क) शिक्षा तर्फ शिक्षक/कर्मचारीहरुको तलब/भत्ता | ६ करोड ३० लाख ७२ हजार |
| (ख) स्वास्थ्य तर्फ कर्मचारीहरुको तलब/भत्ता | २ करोड ६ लाख |
| (ग) सामाजिक सुरक्षा भत्ता वितरण (जेष्ठ नागरिक/दलित/अपाङ्गता, एकल महिला,बालबालिका आदि) | ४ करोड ९७ लाख |
| (घ) कृषि/पशु तर्फका कर्मचारीहरुको तलब/भत्ता | ४५ लाख ४० हजार |
| (ङ) खानेपानी तथा सरसफाई खर्च | ३८ लाख ९० हजार |
| (च) आयुर्वेदका कर्मचारी तर्फ खर्च | ३६ लाख ४० हजार |
| (छ) इन्धन खर्च (गाडी, डोजर, ट्रक, मोटरसाइकल, ट्र्याक्टर) | ६० लाख |
| (ज) सबै कार्यालयहरु संचालन खर्च,फर्निचर मसलन्द खर्च/छपाई आदि | ५४ लाख |
| (झ)आ.व. २०७४।७५/२०७५।७६ (२ वर्षको) नगर सभाका सबै सदस्यहरुको पारिश्रमिक/भत्ता | १ करोड २७ लाख |
| (ञ) स्थायी कर्मचारीहरु (निजामति सेवा, स्थानीय तह) को तलब/भत्ता चाडपर्व खर्च आदि | ७१ लाख ६१ हजार |
| (ट) करारमा कार्यरत कर्मचारीहरुको तलब/भत्ता | ९३ लाख ५० हजार |
| (ठ) अन्य चालु खर्च (परामर्श सेवा, घरभाडा,संचार, आर्थिक सहायता, बिजुली पानी) | १ करोड ४३ लाख ३८ हजार |
| जम्मा खर्च (चालु तर्फ ५७%) | २० करोड ३ लाख ९१ हजार |

त्यसैगरी आ.व.२०७५।७६ को जेष्ठ मसान्तसम्म **जम्मा पूँजीगत** तर्फ (योजना/कार्यक्रम खर्च) (४३%) **१५ करोड ५१ लाख** खर्च भै भुक्तानी भएको अवस्था छ । यसरी पूँजीगत र चालु

तर्फ आ.व. २०७५।७६ को जम्मा खर्च **३५ करोड ५४ लाख ९१ हजार** भएको जानकारी गराउन चाहन्छु ।

**आदरणीय नगर सभाका सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०७६।७७ को लागि अनुमानित आय विवरण निम्नानुसार रहेको जानकारी गराउन चाहन्छु ।

| | |
|---|---|
| (क) आ.व.२०७५।७६ को बाँकी रकम (अल्या) लगभग | ५ करोड |
| (ख) संघीय सरकारबाट प्राप्त रकम | |
| (१) – वित्तीय समानिकरण अनुदान (२६३३१) | १४ करोड ५२ लाख |
| – शसर्त अनुदान (२६३३२) | १६ करोड ९० लाख |
| – समपूरक अनुदान (२६३३४) | ———— |
| – विशेष अनुदान (२६३३३) | ———— |
| (२) संघीय सरकारको राजस्व बाँडफाँड (VAT/भन्सार आयकर) | ९ करोड ६५ लाख |
| (३) संघीय माननीय ज्यूको सांसद विकास कोष | ———— |
| (४) अन्य विषयगत मन्त्रालयको अनुदान | ———— |
| (५) सडक बोर्ड, लगानी, नगर विकास कोष | ३० लाख |
| (ग) २ नं. प्रदेश सरकारबाट प्राप्त अनुदान (हजारमा) | |
| (१) | |
| → वितीय समानीकरण | ७५ लाख ९४ हजार |
| → शसर्त अनुदान | १ करोड |
| → विशेष अनुदान | ३० लाख |
| → समपूरक अनुदान | ४० लाख |
| | **जम्मा २ करोड ४५ लाख ९४ हजार** |
| (२) राजस्व बाँडफाँड (यातायात/विज्ञापन/मनोरञ्जन/सवारी कर | ५६ लाख २९ हजार |
| (३) प्रदेश माननीय विकास कोष | ———— |
| (४) अन्य अनुदान | ———— |
| (घ) जिल्ला समन्वय समितिबाट (वडा कार्यालयं/नगरपालिका भवन निर्माण) | ५० लाख |
| (ङ) मालपोत (रजिष्ट्रेशन शुल्क) | २ करोड |
| (च) जनसहभागिता तर्फ जनताबाट जम्मा रकम | २० लाख |
| (छ) आन्तरिक राजस्व (व्यवसाय कर,सिफारिस दस्तुर, नक्सा पास) | ४ करोड |
| (ज) NGO/INGO/निजीक्षेत्र/उद्योग/वाणिज्य संघ/बैंक/CDP | ———— |
| (झ) Sister City | ———— |
| (ञ) Matching Fund को कार्यक्रम | ———— |
| (ट) बेरुजु फर्छ्यौट/अन्य आम्दानी | ———— |
| (ठ) सामाजिक सुरक्षा भत्ता (सात करोड) | ———— |

**कुल जम्मा ५६ करोड ९ लाख २३ हजार**

आदरणीय नगर सभाका सदस्य ज्यूहरु

अब म आ.व. २०७६।७७ को लागि अनुमानित व्याय विवरण निम्नानुसार प्रमुख प्राथमिकतामा राखी देहायको आधारमा नीति कार्यक्रम तथा वजेट तर्जुमा गरेको जानकारी गराउन चाहन्छु ।

(क) नगरस्तरीय बजेट, योजना तथा कार्यक्रमहरु

| क्र.सं. नगरस्तरीय योजना विवरण | विनियोजन रकम |
|---|---|
| १ सडक निर्माण/मर्मत/स्तर उन्नति/पीच (MTMP मा प्रथम स्तरका अनुसारका सडक) | ३ करोड |
| २. बहुउद्धेश्यीय रङ्गशाला निर्माण योजना (वडा........) | ५० लाख |
| ३. नगरपालिकाको प्रशासनिक भवन निर्माण | ५ करोड |
| ४. डिप ट्यूवेल (५ स्थानमा) | १ करोड |
| ५ फोहोर व्यवस्थापन केन्द्र, ढल, सरसफाइ, मेशिन | ४० लाख |
| ६. सडक बती (Solar) | १ करोड |
| ७. समपूरक (म्याचिङ्ग कोष) | २ करोड |
| ८. विपद व्यवस्थापन कोष | ३० लाख |
| ९. मर्मत संभार कोष | ५० लाख |
| १०.शिक्षा तर्फ | ५० लाख |
| ११.कृषि, पशु तर्फ | ५० लाख |
| १२.सिम्रौनगढ बस पार्क/पार्किङ्ग स्थल निर्माण | २० लाख |
| १३.ऐतिहासिक धार्मिक स्थल | ४० लाख |
| १४ स्वास्थ्य तर्फ (डाक्टर/स्वयम सेविका/औषधि खरिद | ४० लाख |
| १५. चिस्यान केन्द्र/हाटबजार निर्माण | ५० लाख |
| १६. विद्यालयको भौतिक पूर्वाधार | ३० लाख |
| १७. सार्वजनिक पोखरी संरक्षण, हरियाली पार्क निर्माण, ....वन/वातावरण | २० लाख |
| १८ नाला निर्माण/ढल निर्माण/कल्भर्ट निर्माण/.पुल निर्माण | ७० लाख |
| १९ खेलकुद, संस्कृति, सार्वजनिक शौचालय प्रतिक्षालय | २० लाख |
| २० नगर प्रवेशद्धार | १० लाख |
| (ख) न्यायिक समिति | २० लाख |
| (ग) लक्षित समुह सम्बन्धि बजेट, योजना कार्यत्रम (नगरस्तरीय) | ५० लाख |
| (घ) वडास्तरीय योजना (८५ लाख ×११) | ९ करोड ३५ लाख |
| (ङ) चालु खर्च | १६ करोड ३७ लाख |
| (च) शसर्त अनुदान | ११ करोड ९७ लाख |
| (छ) न्यून वित्त बजेट | |
| कुल जम्मा | ५६ करोड ९ लाख २३ हजाार |

माथि प्रस्तुत गरिएको कुल बजेटको न्यून वित्त आर्थिक वर्षको अल्या मौज्दात, राजस्व खोजी गरी वा केन्द्र संघीय/प्रदेश सरकारबाट माग गरी पूर्ति गरिने जानकारी गराउँदछु ।

अन्त्यमा

यस ऐतिहासिक अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका नगर सभाको सबै सदस्य ज्यूहरु, संचार कर्मी, कर्मचारी तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनी, बुवा आमाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

विजय शंकर यादव

नगर प्रमुख

खण्ड –०२

# सिम्रौनगढ नगरपालिकाको आर्थिक ऐन, २०७६

प्रस्तावना:

यस सिम्रौनगढ नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्वन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय राजस्व (कर तथा गैर–कर राजस्व) संकलन गर्ने, छुट दिने (सहुलियत दिन), प्रोत्साहन गर्न, जरिवाना गर्ने तथा मिन्हा दिने आदि आर्थिक, राजस्व प्रशासनिक व्यवस्थापन गर्नको लागि बान्छनिय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१), धारा २२८ को उपधारा (२), संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम सिम्रौनगढ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "सिम्रौनगढ नगरपालिकाको आर्थिक ऐन २०७६" रहेको छ।

(ख) यस ऐन २०७६ साउन १ गतेबाट २०७७ असार अन्तिम दिनसम्म (आ.व. २०७६।०७७) यस नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२) सम्पति कर : (अनुसूची १)**

(क) आफ्नो नगरपालिका क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गामा अनुसूची (१) बमोजिम घर र सो ले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

**प्रष्टिकरण :** यस उपदफाको प्रयोजनको लागि चर्चेको जग्गा (प्लेन्थ एरिया) भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा ५४६६ वर्ग फिट मध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्छ।

(ख) सम्पत्ति कर (उपदफा क) बाहेक वा अन्य जग्गा भएमा दफा (३) बमोजिमको भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

(ग) उपदफा (क) बमोजिम सम्पत्ति कर लगाउँदा देहायका विषयलाई आधार लिइनेछ।

- घर र जग्गाको आकार–प्रकार र छनौट,
- घर र घर जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रास कट्टी मूल्य,
- घर र जग्गाको उपयोग/विकसित आधारमा व्यापारिक ,शहरी, आवासिय तथा ग्रामिण अवस्था, कृषि आदि

**भूमि कर (मालपोत) (अनुसूची २)**

सिम्रौनगढ नगरपालिका क्षेत्रभित्र (अनुसूची १) बमोजिम सम्पत्ति कर लागेको घर तथा जग्गा बाहेकको बाँकी जग्गाहरुमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४) घर बहाल कर (अनुसूची ३)**

सिम्रौनगढ नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, गाडी/मोटरसाइकल ग्यारेज, टहरा, ट्याङ्की, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिई आम्दानी गरेकोमा अनुसूची (३) बमोजिम घर/जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

**५) व्यावसाय कर (दर्ता तथा नविकरण) (अनुसूची ४)**

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवा प्रवाह गरी आर्थिक कारोवार वा पूँजी लगानी गरेको आधारमा अनुसूची (४) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ।

**६) जडिबुटी, कवाडी र जीवजन्तु कर (अनुसूची ५)**

- यस नगरपालिका क्षेत्रमा बढी मात्रामा कुनै व्यक्ति वा संस्थाले कवाडी संकलन गरी मालसामान निकासी गरेमा वा प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य

मृत वा मारिएका जीवजन्तुको हाड/छाला आदि वस्तुको व्यापार व्यावसाय गरेमा अनुसूची(५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

➢ यस नगरपालिकामा अन्य वस्तु नपर्ने वा नभएको अवस्था ।

**७) सवारी साधन कर (अनुसूची ६)**

(क) यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन कर प्रदेश कानुन वा अधिकार प्रत्यायोजन गरे अनुसार सवारी साधन कर लिइनेछ ।

(ख) इन्जन बिनाका सवारी साधनहरु : टाँगा, ठेला गाडा, विधुतीय मोटरसाइकल, आदि दर्ता भएका साधनमा वार्षिक कर लगाउने र असुल उपर गरिने छ ।

८) नयाँ घर निर्माण तथा नक्सा पास दस्तुर वा पुरानो घरको अभिलेखीकरण दस्तुर (अनुसूची७) लिइने छ ।

**९) सिफारिस दस्तुर तथा सेवा शुल्क (अनुसूची ८)**

नगरपालिकाबाट सञ्चालन गरेका भौतिक संरचनाको निर्माण वा व्यवस्थापन गरी संचालन गरे वापत (ढल, खानेपानी, विद्युत, अस्पताल, बस संचालन आदि) सेवा शुल्क, सिफारिस दस्तुर अनुसूची (८) मा तोकिएका दरमा सेवा शुल्क, दस्तुर लगाउने र असुल उपर गरिने छ ।

**१०) विज्ञापन कर (अनुसूची ९)**

यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनहरुमा प्रदेश सरकारको कानूनमा व्यवस्थापन भए बमोजिम दर र दायरामा विज्ञापन कर लिइने छ वा अधिकार प्रत्यायोजन भएमा सोही बमोजिम विज्ञापन कर लिइने छ । तर नगरपालिका स्वयंले बनाएका सूचना पार्टी, Solar को पोल, सार्वजनिक स्थलमा प्रदेश कानूनको प्रतिकुल नहुने गरी अनुसूची (९) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ ।

**११) मनोरञ्जन कर**

यस नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन सेवामा (व्यवसाय, फिल्म हल, सर्कस आदि) प्रदेश कानूनमा व्यवस्था भए बमोजिम कर को दर र दायरामा मनोरञ्जन कर लगाइने र असूल उपर गर्ने वा प्रदेश सरकारले अधिकार प्रत्यायोजन गरेमा सो अनुसारको कर लिइने छ । तपसिल बमोजिम कर लिइने छ ।

क) सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रर्दशन हल, थ्रियेटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कको २ प्रतिशतले हुने रकम ।

ख) जादू, सर्कस अन्य खेल प्रति दिन रु. १५०।– देखि रु. ४००।– सम्म

ग) सःशुल्क सांगीतिक, साँस्कृतिक, कन्सर्ट कार्यक्रम रु. ३५०।–प्रतिदिन

**१२) बहाल बिटौरी शुल्क (अनुसूची १०)**

यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक जग्गा, मन्दिर, पर्ति जग्गा, गुठी जग्गा, सार्वजनिक संघसंस्था, युवा क्लब आदि जग्गामा बनेका संरचना वा नबनेका स्थलमा आफूले निर्माण, रेखदेख, संचालन तथा मर्मत गरी व्यवस्थित गरेका घर, भवन, टहरा, स्टल, हाटबजार, तरकारी बजार, पशु बजार, पसल राखे वापत अनुसूची (१०)बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ । तर सो प्रयोग गरे वापत कोही कसैले हक भोग गरेको भन्न पाइने छैन । सबै सार्वजनिक सम्पत्तिको रुपमा नगरपालिकाले परिचालन गर्ने छ । (जस्तै: स्व.भाषी, सुकुम्बासी दर्ता गर्न नपाइने) कर लिंदा (दैनिक /साप्ताहिक/मासिक) आवश्यकता अनुसार लिइनेछ ।

**१३) पार्किङ्ग शुल्क (अनुसूची ११)**

नगरपालिकामा आवतजावत सहज गर्न, जामको सयममा समाधान गर्न, यातायात व्यवस्थापन गर्न, बसपार्क निर्माण गरेर वा पार्किङ्ग स्थल बनाएर पार्किङ्ग स्थल उपलब्ध गराए वापत (अनुसूची ११) पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४) पर्यटन शुल्क (अनुसूची १२)

नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक, भाषिक रहेका मन्दिर, पोखरी, संग्राहालय आदिमा प्रवेश गर्ने वा गराएर पर्यटकहरुबाट प्रदेश सरकारले तोकेको दर तथा दायरामा वा अधिकार प्रत्यायोजन बाट कर लिन र उठाउन सकिने छ । शुल्कको दर प्रदेश सरकारको दर वा समन्वयमा अनुसूची (१२) बमोजिम पर्यटन शुल्क लिइने छ ।

१५) फोहरमैला व्यवस्थापन सेवा शुल्क (अनुसूची १३)

नगरपालिकाले नगर सफा गरे वापत फोहोरमैला व्यवस्थापन कार्ड बनाई अनुसूची १३ बमोजिम शुल्क लिई सेवा दिने छ।

१६) पोखरीबाट माछा विक्री कर

नगरपालिकाको स्वामित्व वा सार्वजनिक संघ, संस्थासंग समन्वय गरी (गुठी/विद्यालय) सार्वजनिक पोखरीमा माछा उत्पादन गर्न दिई, विक्री गर्दा नगरपालिकाको राजस्व परामर्श समिति/राजस्व सुधार कार्ययोजनाबाट निर्धारण गरी नगरकार्यपालिका बोर्ड, नगर सभाबाट निर्णय गरी सार्वजनिक खरिद ऐन अनुसार प्रतिस्पर्धाको आधारमा बढीमा ५ वर्षका लागी माछाको विक्री कर लिने वा असुल उपर गरिने छ । बाँकी बकौता रकम उठाउन विविध प्रक्रियाको माध्यमबाट (छुट दिने, जरिवाना लगाउने वा प्रहरी/प्रशासनको सहयोग लिई) सरकारी रकम बाँकी सरह असुल उपर गरिने छ । अगाडी नै वार्षिक रकम बुझाएमा बढीमा १०% सम्म छुट दिन सकिने छ ।

१७) वातावरण संरक्षण शुल्क (अनुसूची १४)

नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका क्रसर वा बालुवा उद्योग, ईट्टा उद्योगहरुलाई अनुसूची (१४) बमोजिम वातावरण संरक्षण वा प्रदुषण नियन्त्रण शुल्क लिइने छ । जुन व्यवसाय दर्ता वा प्रतिघन मिटर वा प्रति इट्टामा दर अनुसूची १४ मा भए अनुसार लगाइने छ ।

(क) कसरबाट वार्षिक एक मुष्ट शुल्क रु.२५०००/–पचिस हजार

(ख)चिमनी ईटा भटाबाट वार्षिक एक मुष्ट शुल्क रु.१५०००/–पन्ध्र हजार

(ग) सिमेन्ट उद्योगवाट वार्षिक एक मुष्ट शुल्क रु.५००००/–पचास हजार

१८) कर छुट/कर मिन्हा/थप जरिवाना

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई भरसक छुट दिइने छैन वा कर मिन्हा गरिने छैन । समयमा कर तिर्नु पर्ने दायित्व भएका व्यक्ति/संस्थालाई जरिवाना गर्ने वा प्रहरी प्रशासनको सहयोगमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१९) राजस्व (कर/गैर कर राजस्व) संकलन सम्बन्धि कार्यविधि

यस नगरपालिकामा राजस्व संकलनलाई प्राथमिकता, कार्ययोजना अनुसार संकलन/असुल गर्न छुट्टै कार्यविधि बनाई लागु गर्न नगरकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । अनुसूचीहरु तपसिलमा उल्लेख गरिएको छ । "

अनुसूची -१

सम्पत्ति कर)

| क्र.सं. | सम्पत्ति करको मुल्य | दर रु.मा. |
|---|---|---|
| १. | ५ लाख सम्म | ५० |
| २. | ५ लाख १देखि १० लाख सम्म | १०० |
| ३. | १० लाख १ देखि १५ लाख सम्म | १५० |
| ४. | १५ लाख १ देखि २० लाख सम्म | २०० |

| | | |
|---|---|---|
| ५. | २० लाख १ देखि २५ लाख सम्म | ३०० |
| ६. | २५ लाख १ देखि ३० लाख सम्म | ५०० |
| ७. | ३० लाख १ देखि ४० लाख सम्म | १००० |
| ८. | ४० लाख १ देखि ५० लाख सम्म | १५०० |
| ९. | ५० लाख १ देखि ७० लाख सम्म | २५०० |
| १०. | ७० लाख १देखि १ करोड सम्म | ५५०० |
| ११. | १ करोड भन्दा माथि ५ करोड सम्म | प्रति हजार १.५ रुपैया |
| १२. | ५ करोड भन्दा माथि | प्रति हजार २ रुपैया |

**भौतिक संरचनाको वर्गिकरण :**

| क्र.सं. | घरको बनावट | दर (प्रति बर्ग फीट) |
|---|---|---|
| १. | ईटा बाट निर्माण भई टायल, एल्वेस्टरको छाना भएको घर | १०० |
| २ | सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सी.) गरिएको | ३०० |
| ३ | स्टील फेम स्ट्रक्चर, आर.सि.सि. फेम स्टक्चरमा लिफ्ट एस्कलेटर जडान भएको | ४०० |

नोटः

क) जिल्ला स्तरिय मालपोतको न्युनतम मुल्य निर्धारण समितीले तोकेको दररेट अनुसार जग्गाको न्युनतम मुल्य कायम हुनेछ ।

ख) काँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्यांकन गरिने छैन । मिल वा कारखानाको मेसिन तथा कच्चा पदार्थ राखिने घर, मजदुर आवास र सेडहरु तथा होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधन पार्किङ्ग स्थान र बगैंचाको मूल्यांकन गर्दा उल्लेखित दरमा २५ प्रतिशत छुट दिईनेछ ।

ग) जग्गाको हकमा नगरपालिकाले न्यूनतम कायम गरिएको जग्गाको मूल्यांकन तथा गत बर्ष सोहि करदाताले स्वःघोषणा गरेको दर भन्दा न्यून नहुने गरी कुनै व्यक्ति वा संघ/संस्थाले आफ्नो अचल सम्पत्तिको मूल्यांकन स्वःघोषणा गरी कायम गर्न गराउन सक्नेछ तर यसरी स्वःघोषणा गर्दा न्यूनतम मूल्यांकनको पाँच गुणा भन्दा बढी स्वःघोषणा गर्न सकिने छैन ।

घ) सम्पत्ती कर सम्बन्धी वर्गीकरण, दर तथा दायराहरु कार्यपालिका बोर्डले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

## अनुसूची -२
## भुमीकर (मालपोत)को दररेट

सिम्रौनगढ नगरपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम सम्पति कर लागेको घर तथा जग्गा वाहेकको वाँकी जग्गाहरुमा अनुसुचि (२) बमोजिम भुमिकर (मालपोत) लगाईने र असुल गरिनेछ ।

तपसिल

| क्र.सं. | मालपोत दस्तुर (प्रति धुरमा हुनेछ ) | दर |
|---|---|---|
| १. | हुलाकी राजमार्गसंग जोडिएको जग्गाको मालपोत | ३/– |
| २ | गण्डक नहरको वाटो संग जोडिएको जग्गाको मालपोत | ३/– |
| ३ | सिम्रौनगढ तामागढी सडक संग जेडिएको | ३/– |
| ४ | रानिवास वजार क्षेत्र तथा सिम्रौनगढ वजार क्षेत्र भित्र पर्ने जग्गा | २/– |
| ५ | ग्रामिण क्षेत्र भित्रका अवासिय जग्गा | १/– |
| ६ | ग्रामिण क्षेत्र भित्रका खेती योग्य जग्गा | ०.५० (पचास पैसा |

## अनुसूची (३)
## बहाल करको दररेट

सिम्रौनगढ नगरपालिका क्षेत्रभित्रका संघ संस्था,भवन, घर, पसल, गाडी तथा मो.सा.ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा वहाल अंकको ५ प्रतिशत घर धनीबाट वहाल कर संकलन गरिनेछ ।

**बहाल कर निर्धारण प्रकिया :**

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

## अनुसूची (४)
## व्यवसाय कर (दर्ता/नवीकरण) को दररेट

| क्र. सं. | व्यवसायको प्रकृति | (वार्षिक) दर |
|---|---|---|
| | व्यापारिक वस्तु तथा विक्रेताहरु | |
| १ | चुरोट डिलर | ३,०००/– |
| २ | मदिरा तथा पेय पदार्थको डिलर | १००००/– |
| ३ | खुद्रा मदिरा तथा पेय पदार्थको पसल | २,०००/– |
| ४ | कोल्ड स्टोर | १००००/– |
| ५ | ज्वेलरी,जवाहरात,सुन चाँदी विक्री गर्ने | ४,००० |
| ६ | ज्वेलरी,जवाहरात, सुन चाँदी तथा जलप लगाएको सामान खुद्रा विक्री गर्ने | २,००० |
| ७ | क्यासेट रेकर्डर थोक पसल | १०० |
| ८ | क्यासेट रेकर्डर खुद्रा पसल सि.डी. डि.भी.डी. विक्रेता | १०० |
| ९ | टेन्ट पसल साउण्ड सिस्टम / डिजे भाडामा दिने | २,००० |
| १० | मोबाइल, तथा मोवाईलको पार्टपुर्जा (एसेसरिज) बिक्रि तथा मर्मत गर्ने पसल | १,५०० |
| ११ | घडि बिक्रि तथा मर्मत पसल | १०० |
| १२ | पुस्तक पसल, स्टेशनरी | ५०० |
| १३ | पत्रपत्रिका मात्र | १०० |
| १४ | पान पसल | २०० |
| १५ | रंगरोगन, किलाकाटी, सनमाइका, प्लाइउड, सेनेटरी सामान,सरिया, सिमेन्टका साथै फलोरिंग फर्निसिंग र अन्य निर्माण सामाग्री थोक तथा खुद्रा विक्रेता (हाडवेयर पसल) | ५००० |
| १६ | सिमेन्ट, रड, रंगरोगन मध्ये कुनै एकको मात्र थोक तथा खुद्रा कारोवार गर्ने | ३,००० |
| १७ | ढुंगा, वालुवा, गिटी आदि निर्माण सामाग्री बिक्री गर्ने | १५०० |
| १८ | कम्प्युटर र सोका पार्टस् विक्री गर्ने पसललाई | १५०० |
| १९ | काठको फर्निचर तथा फर्निसिङ बिक्रि | १५०० |
| २० | स्टिल फर्निचर विक्रि | १५०० |
| २१ | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | ५०० |
| २२ | कम्प्युटर, फ्रिज, फोटोकपी, वासिंग मेशिन इत्यादी इलेक्ट्रोनिक्स सामानको थोक तथा खुद्रा विक्रेता | १००० |
| २३ | कलर ल्याव वा यस्तै प्रकृतिका प्रिन्टीङ्ग व्यवसाय | १५०० |
| | पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार गर्ने | |
| १ | एक मात्र नोजल भएको | २,००० |
| २ | दुई वा सो भन्दा बढि नोजल भएको | ३,५०० |
| ३ | ग्यासका डिलर | ५०० |

| | | |
|---|---|---|
| ४ | ड्रममा पेट्रोलियम पदार्थ विक्रेताबाट तेल बेच्नेलाई | ५०० |
| ५ | मट्टीतेल मात्र विक्रि गर्नेलाई | २०० |
| ६ | डिपार्टमेन्टल स्टोर तथा मिनि मार्ट | २५०० |
| ७ | कपडाको थोक तथा खुद्रा विक्रेता | १५०० |
| ८ | चस्मा विक्रि | १०० |
| ९ | बिजुली सामान पसल | १००० |
| १० | बस, ट्रक विक्रेता डिलर | १०,००० |
| ११ | ट्र्याक्टर विक्रेता डिलर | ५,००० |
| १२ | जिप, भ्यान, कार विक्रेता डिलर | ३,००० |
| १३ | मोटर साईकल, स्कुटर विक्रेता, पेटोल बाट चल्ने अटोरिक्सा विक्रेता | २,००० |
| १४ | ई. रिक्सा विक्रेता | १,००० |
| १५ | रिक्सा, साइकल नयां फिटिंग गरी बेच्ने पसल | ५०० |
| १६ | साईकल तथा सो का पार्टस् विक्री गर्ने | ३०० |
| १७ | मोटरसाईकल मर्मत तथा सो को पार्टस् विक्री गर्ने | ५०० |
| १८ | औषधी पसल | १००० |
| १९ | भेटेनरी औषधी पसल | ७०० |
| २० | खाद्य पदार्थ पसल, किराना पसल | ५०० |
| २१ | तरकारी पसल | १०० |
| २२ | फलफुल पसल | २०० |
| २३ | डेरी पसल | २०० |
| २४ | भाडा कुडा पसल | ५०० |
| २५ | जेनरल स्टोर , गिफ्ट साँप तथा खेलौना पसल | ५०० |
| २६ | कस्मेटिक पसल | ५०० |
| २७ | जुत्ता पसल | ३०० |
| | **विशेषज्ञ परामर्श सेवा तथा अन्य सेवा प्रदायक व्यवसाय** | |
| १ | चिकित्सक | ५००० |
| २ | कविराज,वैद्य | १००० |
| ३ | इन्जिनियर | ५००० |
| ४ | कानून व्यवसायी | १००० |
| ५ | लेखा परिक्षक | १००० |
| ६ | सिकर्मी, डकर्मी | ४०० |
| ७ | अनुसन्धानकर्ता र परामर्श दाता | ८०० |
| ८ | कम्प्युटर एनालिष्ट र प्रोग्रामर | ७०० |
| ९ | विमा एजेन्ट | १००० |
| १० | अनुवादक | ५०० |
| ११ | पशु चिकित्सक | ४०० |
| १२ | सेयर दलाल | २,५०० |
| १३ | घर नक्साको डिजाईन गर्ने कन्सल्टेन्सीलाई | ५००० |
| १४ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएकाको क श्रेणीका निर्माण व्यवसायी लाई | ८,००० |
| १५ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएको ख श्रेणीका निर्माण व्यवसायी लाई | ५,००० |
| १६ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएका ग श्रेणीका निर्माण व्यवसायी लाई | ४,००० |
| १७ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएका घ श्रेणीका निर्माण | ३,५०० |

| | | |
|---|---|---|
| | व्यवसायी लाई | |
| १८ | निजी बैंक (केन्द्रिय) | ८,००० |
| १९ | निजी बैंक (शाखा) | ६,००० |
| २० | विकास बैंक (केन्द्रिय) | ५,००० |
| २१ | विकास बैंक (शाखा) | ४,००० |
| २२ | वित्तीय संस्था (केन्द्रिय) | ५,००० |
| २३ | वित्तीय संस्था (शाखा) | ३,००० |
| २४ | कृषि सहकारी बाहेकका अन्य सहकारी तथा लघुवित्त (केन्द्रिय) | ३,००० |
| २५ | कृषि सहकारी बाहेकका सहकारी तथा लघु वित्त-शाखा) | २,००० |
| २६ | कृषि सहकारी- (केन्द्रिय) | ८०० |
| २७ | कृषि सहकारी - (शाखा) | ५०० |
| २८ | बीमा कम्पनी | ५,००० |
| २९ | विदेशी मुद्रा सटही | २,००० |
| | **उत्पादन मुलक उद्योग** | |
| १ | चिउरा उद्योग मिल | २,००० |
| २ | ईटा टायल भट्टा एक चिमनी भएका | ४,५०० |
| ३ | ईटा टायल भट्टा दुई वा सो भन्दा बढी चिमनी भएका | ८,००० |
| ४ | भुसी भट्टा | २,००० |
| ५ | सिमेन्टका ब्लक बनाउने २० ब्यालेटका रिंगलाई | १,५०० |
| ६ | सिमेन्टका रेलिंग बनाउने | १,५०० |
| ७ | कपडा विक्रीका साथै तयारी पोशाक उत्पादन गर्नेलाई | १,८०० |
| ८ | चर्पीको रिङ्ग बनाउनेलाई | ५०० |
| ९ | प्लाष्टिकका सामान उत्पादन गर्नेलाई | ५०० |
| १० | कंक्रिट ह्युमपाइप ठूला उद्योगमा | ५,००० |
| ११ | कंक्रिट ह्युमपाइप साना उद्योगमा | २,५०० |
| १२ | गलैचा उद्योग | ५०० |
| १३ | चप्पल उद्योग | १००० |
| १४ | डिस्टलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने | ५,००० |
| १५ | मिनिलर वाटर उत्पादन | २,००० |
| १६ | स्टील मेटल बाट कुलर, दराज, बाकसका साथै आधुनिक फर्निचर उत्पादन गर्ने उद्योग | ३,००० |
| १७ | स्टील बाकस ,ड्रमका साथै भाडा वर्तन बनाउने | ५०० |
| १८ | ग्रील, सटर, ट्रस, ट्र्याक्टरका ट्रली बनाउने ठूलालाई/प्रा.लि. भएकोलाई | २,५०० |
| १९ | ग्रील, सटर, ट्रस, ट्र्याक्टरका ट्रली बनाउने मध्यम व्यवसायलाई | १,५०० |
| २० | स्टील मेटलबाट मेशिनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने इन्जिनियरिंग वर्कसपलाई | ३,००० |
| २१ | ग्रील,सटर,ट्रस बनाउने सानालाई | १,००० |
| | **उर्जामुलक उद्योग** | |
| १ | गोवर ग्याँस उद्योग | १००० |
| २ | सोलार पावर | १५०० |
| | **कृषिजन्य तथा वनजन्य तथा खनिज उद्योग** | |
| १ | काठ चिरान सम्बन्धि काम गर्ने स:मिल | १,००० |
| २ | प्लाईउड सम्बन्धि काम गर्ने स:मिल | २,००० |
| ३ | सिसा, प्लाईउड विक्रेता | ५०० |
| | **धान कुट्ने, गहु पिस्ने, तेल पेल्ने उद्योग (मिल) हरुमा** | |

| | | |
|---|---|---|
| १ | ५ हर्ष पावरभन्दा कमको | ५०० |
| २ | ५ हर्ष पावरदेखि २० हर्ष पावर सम्म | १,००० |
| ३ | २१ हर्ष पावर देखि ३० हर्ष पावर सम्म | १,५०० |
| ४ | ३१ हर्ष देखि ५० हर्ष पावर सम्म | २,००० |
| ५ | ५१ हर्ष पावर देखि माथि | २,५०० |
| ६ | मैदा, सूजी पिठो (गिड) मिलमा | ४,००० |
| ७ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १,००० |
| | **पर्यटक, आवास, होटेल रेष्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सीआदि उद्योग व्यवसाय** | |
| १ | होटेल थ्री स्टार वा सो सरह | १०,००० |
| २ | होटेल लज टु स्टार वा सरह | ५,५०० |
| ३ | होटेल लज वान स्टार वा सो सरह | ३,००० |
| ४ | होटेल १ देखि २० बेड सम्म | २,००० |
| ५ | होटेल २१ बेड देखि ३० बेड सम्म | ४,००० |
| ६ | होटेल ३१ बेड देखि ५० बेड सम्म | ८,००० |
| ७ | होटेल ५१ बेड भन्दा माथि | १०,००० |
| ८ | रेष्टुरेण्ट,चमेना गृह मदिरा रहित | ५०० |
| ९ | आधुनिक सुविधायुक्त रेष्टुरेण्ट एण्ड बार/डान्सबार/दोहोरीलाई | १०००० |
| १० | स्वीमिङ्ग पुलको लागि बार्षिक रु. | २००० |
| ११ | साधारण होटल भोजनालय तथा मिठाई नास्ता पसल | १००० |
| १२ | साधारण चिया नास्ता पसल | ३०० |
| १३ | राष्ट्रिय ट्राभल्स एजेन्सी | १००० |
| १४ | अन्तर्राष्ट्रिय ट्राभल्स एजेन्सी | १५०० |
| | **छपाई तथा प्रकाशन** | |
| १ | एक मात्र टेडल मेशिन राखि छपाईका काम गर्नेलाई | ५०० |
| २ | एक देखि दुई टेडल मेशिन राखि छपाईका काम गर्नेलाई | १००० |
| ३ | अफसेट प्रेस भएकालाई | १,५०० |
| ४ | स्क्रिन प्रिन्टस् | ५०० |
| | **अन्य व्यवसाय तथा सेवाहरु** | |
| १ | फोटो स्टुडियो तथा फोटोग्राफी सेवा | ५०० |
| २ | निजी क्षेत्रका आधारभुत तहका विद्यालय | १,५०० |
| ३ | निजी क्षेत्रका माध्यमिक तहका विद्यालय | २,००० |
| ४ | निजी क्षेत्रका क्याम्पस (विश्वविद्यालय तहको शिक्षा प्रदायक) | ३,००० |
| [illegible] | सव.ओ.सी,अमिन टेक्निकल तालिम केन्द्र | १,८०० |
| [illegible] | अ.न.मी.सि.एम.ए. तालिम केन्द्र | २,००० |
| ७ | सिलाई कटाई तालिम /व्यूटिसियन | ५०० |
| ८ | टि.भी. रेडियो, कम्प्युटर मर्मत तालिम केन्द्र | ३०० |
| ९ | आयुर्बेद तथा औषधि बारेका तालिम केन्द्र, हेल्थ सेन्टर | १,००० |
| १० | राष्ट्रिय गैर सरकारी संघ संस्था लाई | ५०० |
| ११ | अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था, आई.एन.जि.ओ. लाई | ४,००० |
| १२ | ड्राइभिंग प्रशिक्षण केन्द्र | १,००० |
| १३ | ट्युसन सेन्टर | १,००० |
| १४ | हेभि इक्वीपमेन्ट बस, ट्रक मर्मत कारखाना | १,५०० |
| १५ | बस ट्रकका बडी बनाउने | २,००० |
| १६ | सवारी साधन डेन्टिङ पेन्टिङ गर्ने | १,००० |

| | | |
|---|---|---|
| १७ | गडिको टायर मर्मत तथा हावा भर्ने | ३०० |
| १८ | वेल्डिङ गर्नेलाई | २०० |
| १९ | कुर्सी ,सोफासेट, पम्पसेट, सिलाई मेसिन, ट्रान्सफर्मर मर्मत गर्ने | ३०० |
| २० | विज्ञापन सेवा (सवै प्रकारका) | ५००० |
| २१ | बैदेशिक रोजगार सेवा | १,५०० |
| २२ | स्वदेशी रोजगार सेवा | ८०० |
| २३ | हाउजिंग कम्पनि तथा घर जग्गा खरिद विक्री (रियल स्टेट) | ४,००० |
| २४ | सुचिकार, कपडा सिलाई गर्ने (१ मेसीन राखेर) | १०० |
| २५ | सुचिकार, कपडा सिलाई गर्ने (२ वटा देखि ५ वटा मेसीन राखेर) | २०० |
| २६ | सुचिकार, कपडा सिलाई गर्ने (५ वटा भन्दा बढि मेसीन राखेर) | ५०० |
| २७ | पशु बधशाला | ५०० |
| २८ | मासु पसल | ३०० |
| २९ | केबुल नेटवर्किंग/च्यानल सञ्चालन | ५,००० |
| ३० | टेलिफोन सेवा प्रदायक कम्पनीलाई | १०,००० |
| ३१ | ईन्टरनेट सेवा प्रदायक कम्पनी | ५,००० |
| ३२ | कस्मेटिक पसल | ५०० |
| ३३ | (१ सिट राखेको ) सैलुन पसल | १०० |
| ३४ | (२ सिट देखि ४ सिट राखेको) सैलुन पसल | ३०० |
| ३५ | (४ सिट देखि बढि राखेको ) सैलुन पसल | ५०० |
| ३६ | पाउरोटी, विस्कुट, केकका साथै अन्य उत्पादन उद्योगमा | १००० |
| ३७ | टफी, चकलेट आईसकिम आधुनिक मसिनद्वारा उत्पादन गर्ने उद्योग | १,००० |
| ३८ | विभिन्न नमकिन / चाउमिन उत्पादन गर्ने उद्योग | ५०० |
| ३९ | विभिन्न किसिमका मसला उद्योग | ५०० |
| ४० | मैनवत्ति उद्योग | ४०० |
| ४१ | अगरवत्ति उद्योग | ३०० |
| ४२ | वरफ उद्योग | १००० |
| ४३ | होजियारी सूइटर बुनाई पसल | ५०० |
| ४४ | साबुन र पाउडर(सर्फ) उद्योगमा | ५०० |
| ४५ | चक, डस्टर उत्पादन गर्ने उद्योग | २०० |
| ४६ | चिनी मिठा उत्पादन गर्ने उद्योग | ३००० |
| ४७ | पानपराग, गुटखा उत्पादन गर्ने उद्योग | ७,००० |
| ४८ | ब्याग बनाउने तथा मर्मत गर्नेलाई | ३०० |
| ४९ | बिस्कुट, चाउचाउका थोक विक्रेता | १००० |
| ५० | नर्सिंग होम | ६,००० |
| ५१ | निजी अस्पताल तथा क्लिनिक | २,५०० |
| ५२ | ल्याव, एक्स रे, अल्ट्रसाउन्ड,पोली क्लिनिक | १,५०० |
| ५३ | औषधि थोक पसल | १,५०० |
| ५४ | फोटो फ्रेम गर्ने पसल | २०० |
| ५५ | आईरन धोवी पसल व्यवसाय | ४०० |
| ५६ | १००० भन्दा माथि कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | १,००० |
| ५७ | १००० भन्दा कम कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | ५०० |
| ५८ | याचरी ( चल्ला उत्पादन गर्ने) लाई | २,००० |
| ५९ | पशु पन्छीकोआहार उत्पादन गर्नेलाई | १,२०० |
| ६० | फूल र विरुवा नर्सरीको विक्रेता | ८०० |
| ६१ | व्यवसायिक व्यायामशालालाई | ३०० |

| | | |
|---|---|---|
| ६२ | घरपालुवा जन्तु पालन व्यबसाय (दर्ता गरेर सञ्चालन भएकालाई मात्र) | ५०० |

नोट : माथि उल्लेख नगरिएको कारोवार वा व्यवसायको हकमा नगर राजश्व परामर्श समितिको सिफारिस भई आएमा कर निर्धारण गरि कार्यपालिकाको निर्णयानुसार कर अशुल गरिने छ ।

### अनुसूची -५
### जडीबुटी, कवाडी र जीबजन्तु कर:

क) जडिबुटी, पंछिको प्वाँख, हाड, सिंग, खुर र छालाको संकलन तथा विक्रि वितरण गर्ने व्यबसायसँग बार्षिक ५०००/– कर संकलन गरीनेछ ।

ख) कवाडी संकलन तथा विक्रि वितरण गर्ने व्यबसायी सँग बार्षिक ४०००/– कर संकलन गरीनेछ ।

### अनुसूची ६
### सवारी साधन कर शुल्कको दर:

| क्र.सं. | सवारीको किसिम | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १. | हेभी सवारी साधन दर्ता | ५०००।- | |
| | ह्लुका सवारी साधन दर्ता | १०००।- | |
| २. | हेभी तथा हलुका सवारी साधन नामसारी शुल्क | ५००।- | |
| ६. | भाडाको तथा निजी कार, जिप | ५००। | ० |
| ७. | भाडाको तथा निजी टेम्पो, ईलेक्ट्रीक रिक्सा | ३००। | ० |
| ८. | ट्याक्टर | १,०००। | ० |
| ९. | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | १००। | ० |
| १०. | ठेला रिक्सा, रिक्सा | ५०। | ० |

**नोट:**

क) सिम्रौनगढ नगरपालिकाभित्र ठेगाना भएका सवारी साधनहरुले अनिवार्य रुपमा नगरपालिकामा दर्ता भई वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

ख) नगरपालिकाले तोकेको बार्षिक कर तिरेका सवारी साधनले पटके शुल्क तिर्नुपर्ने छैन ।

ग) माथि बुँदा नं. (क) मा उल्लेखित सवारी साधनहरु नगरपालिकामा दर्ता भई कर नतिरे सो सवारी साधन सँग सम्बन्धित कुनै पनि सिफारिस गरिने छैन ।

### अनुसूची ७

**घर नक्सा सम्बन्धी शुल्क तथा दस्तुर:**

क) घर नक्सा पास फाराम रु. ५००/–

ख) घर नक्साको प्रतिलिपी रु. ५००/–

ग) घर नक्साको सम्पन्न प्रमाण पत्र रु. १०००/–

घर नक्सा पास सम्बन्धी दस्तुरको दर :

| क्र.सं. | तल्ला | आवासिय भवन | | व्यापारिक भवन/संस्थागत भवन | |
|---|---|---|---|---|---|
| | | आर.सी.सी. फ्रेम स्ट्रक्चर | लोड बेयरिगं वाल स्ट्रक्चर | आर.सी.सी. फ्रेम स्ट्रक्चर | लोड बेयरिगं वाल स्ट्रक्चर |
| १. | भुई तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ४ | ३ |
| २. | पहिलो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | दोश्रो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |
| ४. | तेश्रो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |
| ५. | सो भन्दा माथिको | ३ | ३ | ३ | ३ |

नोटः– पक्की घरलाई ६ महिना भित्र न.पा.मा अभिलेखिकरण(दर्ता) गराएमा एक मुष्ठ रकम रु.२०००/– र कच्ची घरलाई ६ महिना भित्र न.पा.मा अभिलेखिकरण (दर्ता) गराएमा एक मुष्ठ रकम रु.१०००/–साथै वाटो विस्तारको कममा सम्बीन्धतको घर परि भत्केकोमा नयाँ वनाउदा ५० प्रतिशत छुट दिईने छ ।

## अनुसूची ८
## सिफारिस दस्तुर तथा सेवा शुल्क को दर

| सि.नं. | विवरण (विषय) | दर |
|---|---|---|
| १ | नागरीकता प्रतिलिपी सम्वन्धी सिफारीस | १००/– |
| २ | नागरीकता सम्वन्धी सिफारीस | १००/– |
| ३ | सनाखतको सिफारीस | १००/– |
| ४ | नाता प्रमाणित दस्तुर (मृतकसँग सम्बन्धित भएमा) (अंग्रेजी वा नेपालीमा) | १००/– |
| ५ | अन्य नाता प्रमाणित दस्तुर (नेपालीमा) | १००/– |
| ६ | अन्य नाता प्रमाणित दस्तुर (अंग्रेजीमा) | १००/– |
| ७ | जन्म,मृत्यु, विवाह सम्वन्धी सिफारीस (३५ दिन भित्र निःशुल्क) र सो भन्दा माथि | ५०/– |
| ८ | वसोवास सम्वन्धी सिफारीस | १०० |
| ९ | नाम,थर,जन्म मिती संशोधन सिफारीस | १०० |
| १० | घर जग्गा नामसारी सम्वन्धी सिफारीस | ५०० |
| ११ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल १० धुरसम्म) | ५०० |
| १२ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कठ्ठा सम्म) | ५०० |
| १३ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कठ्ठा भन्दा बढि १ बिघासम्म भएमा) | ५०० |
| १४ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (१ बिघाभन्दा बढि खेतीयोग्य जग्गा र १० धुरभन्दा बढिको घडेरी) | ५०० |
| १५ | मोहीको लगत कट्टा सिफारीस | २००० |
| १६ | पति पत्नि सम्वन्ध विच्छेदको सिफारीस | १००० |
| १७ | पेन्शनकार्ड वा सो सम्वन्धी अन्य सिफारीस | १०० |
| १८ | हकवाला संरक्षण सम्वन्धी सिफारीस | ३०० |
| १९ | संघ संस्था दर्ता सिफारीस | ५०० |
| २० | संघ संस्था नविकरण सिफारीस | ३०० |
| २१ | बहाल करतिरेको प्रमाणपत्र | १०० |
| २२ | घर जग्गा कर तिरेको प्रमाणपत्र | १०० |
| २३ | जन्म मिति, नाम थर प्रमाणित | १०० |
| २४ | व्यवसाय बन्द, संचालन नभएको वा व्यवसाय नभएको सिफारीस | ५०० |
| २५ | विवाह प्रमाणित तथा अविवाहति प्रमाणित (नेपालीमा) | १०० |
| २६ | विवाह प्रमाणित तथा अविवाहति प्रमाणित (अंग्रेजीमा) | १०० |
| २७ | व्यक्तिगत विवरण प्रमाणित | १०० |
| २८ | पुर्जामा घर कायम (पक्की घर) | २०० |
| २९ | पुर्जामा घर कायम (कच्ची घर) | १०० |
